शान्ति, समृद्धि र समतामूलक समाज निंमाणको लागि

जि. प्र. का. सि .द.नं. १०३, ०७४/०७५

# प्रदेश टाइम्स

Pradesh Times National Daily राष्ट्रिय दैनिक

वर्ष ४, अंक ६५ २०७८ असोज ०७ गते विहिवार 23 Sep Thursday 2021 पृष्ठ ४, मूल्य : रू. ५/-

कुनै पनि लेख, विचार, सामचार र बिज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्भनुहोस । हामी तपाइँलाई उचित स्थान दिने छु । साथै राष्ट्रिय तथा स्थानिय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सर्म्पक गर्नुहोला ।

**प्रदेश टाइम्स दैनिकको कार्यालय**
**बिष्णुपुर गाउँपालिका १, सिरहा**
**फोन नं.९८६२९६८९६५**
**इमेल. rampukarmbs@gmail.com**

## कर्मचारी र वडाअध्यक्षको मिलेमत्तोमा राजमार्ग र वस्तिको जमिनलाई राजस्व छल्न घर-बाटो नभएको सिफारिस

सिरहा, ६ असोज । पूर्वपश्चिम राजमार्गसँगै जोडिएको र वस्ति भएको जमिन जग्गा धनी र वार्डा अध्यक्ष र मालपोल कार्यालय को मिलेमत्तोमा घर-बाटो नभएको सिफारिस गरेको रहस्य



खुलेको छ । वसोमास गर्दै आएकामध्ये दुईजना बाहेकको नाममा जग्गा पास भएपछि उनीहरुले खोजलास गर्नेक्रममा राजमार्गसँगै जोडिएको सिरहाको कर्जन्हा नपा ११ साविक कर्जन्हा गाविस ५/क, कित्ता नम्वर ६ सय ११ को ४ का पौने १२ धुर र कित्ता नम्वर ६ सय १२ को पौने २ धुर जग्गामा घरबाटो नभएको सिफारिसको आधारमा जमिन पास भएको रहस्य खुलेको हो ।

४० वर्ष भन्दा लामो समय देखि बस्ति रहेको स्थानीयले बताए। त्यहाँ शुभाषचन्द्र महतो, रामचन्द्र महतो, हरिशंकर महतो, प्रेम सिंह, रामकुमार महतो, सरयुग महतो, सत्य नारायण महतो, हरिनारायण महतो सहित ११ घरपरिवारको वस्ति रहेको छ । त्यसमध्ये हरिशंकर र रामचन्द्र महतो वाहेक ९ जनाको नाममा जग्गा पास भएको थाहापाएर खोज्दै जाँदा वडा अध्यक्ष, जग्गाधनी, लेखन्दास र मालपोत कार्यालय को मिलेमत्तोमा घरबाटो नभएको सिफारिस दिएको स्थानीयको आरोप छ ।

बसोवास भएकैहध्ये दुई जनाको घरसहितको जमिन पनि ९ जनाको नाममा पास भएप्छि स्थानीय आक्रोसित बनेका छन् । जमिनको चलनचल्तिको मूल्य प्रति का ५० लाखभन्दा बढी पर्छ। त्यको आधारमा जमिनको मूल्य २ करोड भन्दा बढी मूल्य हुन आउँछ । तर, उनीहरुले जम्मा जमिनको मूल्य २ लाख देखाएर ८ हजार ५० रुपैयाँमात्र राजस्व बुझाएको छ ।

यता वडा अध्यक्ष कविल यादवले आफूलाई छल गरेर जमिनबालाले सिफारिस लिएको बताए । उनले भने, 'म पनि नयाँ नयाँ थिएँ, सिफारिस लिन आएका बेला मैले कहाँको जमितहो भनि सोधेको थिएँ,चौरीको खेत हो भने, मैले त्यसैअनुसार सिफासिर दिएको हुँ ।'

-बाँकी तीन पेजमा

## रेडियो समग्र १२ औं वर्षमा प्रवेशसमाजिक रुपान्तरणको अभियान अझ सशक्त बनाउनेमा जोड

लहान, ६ असोज । साझा सवालका लागि साझा आवाज मूल उद्घोषका साथ समग्र जन उत्थान केन्द्र लहानद्धारा सञ्चालित सामुदायिक रेडियो समग्र एफ.एम. १०७ मेगाहर्ज मंगलवारबाट १२ औं वर्षमा प्रवेश गरेको छ। यस अवसरमा रेडियोले सिरहाको लहानमा ११ औ वार्षिक उत्सव भव्यताका साथ मनाएको छ ।

प्रदेश २ प्रदेशसभा सदस्य लगनलाल चौधरीको प्रमुख आतिथ्यमा रेडियोले विभिन्न कार्यक्रम गरेको छ । मानवअधिकार, शान्ति र विकासका सवाललाई केन्द्रित गरी गत २०६७ साल असोज ५ गतेदेखि आफनो नियमति प्रशारणमा रहेको रेडियो समग्रले मैथिली, नेपाली, थारु र अंग्रेजी भाषामा कार्यक्रमहरु उत्पादन र प्रशारण गरिरहको रेडियो समग्रका अध्यक्ष भैरवप्रसाद गेलालले जानकारी दिनुभयो ।

दैनिक १८ घण्टा प्रशारण भइरहेको यस रेडियोले मैथिली भाषामा विहान र साँझ गरी दुई वटा सामाचार बुलेटिन र नेपाली भाषामा विहान १ वटा सामाचार बुलेटिन गरी तीन वटा समाचार बुलेटिन दैनिक रुपमा प्रशारण गरिरहेको छ । यस्तै बालबालिका केन्द्रित, महिला अधिकार, द्धन्द्ध रुपान्तरणका सवालमा सम्वाद, प्रतिभा प्रस्तुतीकरण, स्वास्थ्य चर्चा, मनोविमर्श सेवा जस्ता सचेतनामुलक कार्यक्रम तथा संगित एवम् मनोरन्जनात्मक कार्यक्रमहरु प्रशारण गर्दै आइरहेको छ भने सिआइएनको सहकार्यमा सिआइन खवर लगायतका कार्यक्रमहरु प्रशारण गरी सामाजिक रुपान्तरणको अभियान सञ्चालन गरिरहेको स्टेशन म्यानेजर रामभरोसी महतोले जानकारी दिनुभयो ।

रेडियोका अध्यक्ष भैरवप्रसाद गेलालको अध्यक्षतामा भएको वार्षिक उत्सव समारोहमा प्रमुखि अतिथि प्रदेश २ प्रदेशसभा सदस्य लगनलाल चौधरीले समाजिक रुपान्तर एवम् मानव अधिकार शान्ति र विकासका सवालमा रेडियोले खेलेको भूमिको प्रशंसा गर्दै अगामी दिनमा समाजमा रहेको विकृति विसंगती हटाउन पहल मुलक कार्यक्रमलाई अझ सशक्त तरिकाले उठाउन आग्रह गर्नुभयो । कार्यक्रममा लहान नपा ५ का वडा अध्यक्ष सुलेमान अंसारी, इलाका प्रशासन कार्यालय लहानका प्रमुख कृष्ण बहादुर खडका, हातेमालो अन्तर धार्मिक समिति लहानका संयोजक सुशिलचन्द्र अधिकारी, जे एस मुरारका बहुमुखि क्याम्पस लहानका प्रमुख तुलसी राम पोखरेल, ललकु मावि लहानका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहता, सगरमाथा मावि ढोढनाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विरेन्द्र चौधरी, महिला अधिकारकर्मी श्याम कुमारी साह, रेणु कर्ण, समग्र बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक अम्वराज मिश्र लगायतका व्यक्तित्वले रेडियोले सामाजिक रुपान्तरणको अभियानलाई अझ सशक्त बनाउदै सुन्दर सुव्यवस्थित समाज निर्माण गर्ने किसिमको कार्यक्रमहरु रेडियोमा ल्याउन सुझाव व्यक्त गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा रेडियोको अभियानमा सहकार्य र सहयोग गर्ने सवल नेपाल, मुक्ति नेपाल, ओरेक नेपाल, दलित महिला संघ, जानकी महिला जागरण समाज धनुषा, व्यवसायिक प्रतिनिधिहरुलाइ मायाको चिनो प्रदान गर्दै सम्मान गरेको थियो । त्यसैगरी रेडियोका पूर्व कर्मचारीहरुलाई समेत मायाको चिनो प्रदान गर्दै सम्मान गरेको थियो भने हाल रेडियोमा कार्यरत कर्मचारीहरुलाई प्रशंसा पत्र प्रदान गरेका छन् । यस्तै कार्यक्रम उपस्थित सरोकारव लाई समेत मायाको चिनो प्रदान गरेका छन् । रेडियोका सचिव मदनकुमार मण्डलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने रेडियोले गरिरहेको कार्य र अभियानका बारेमा रेडियो सञ्चालक संस्था समग्र जनउत्थान केन्द्र लहानका कार्यकारी निर्देशक देवराज पोखरेलले प्रकाश पार्नु भएको थियो। रेडियो कर्मीहरुले प्रस्तुत गरेको नृत्य तथा गीत संगित कार्यक्रमले वार्षिक उत्सवलाई उल्लासमय बनाएको सहभागीहरुले बताउनुभयो ।

यसैबीच रेडियो समग्रले ११ औ वार्षिक उत्सवको अवसरमा एक सन्देश पत्र जारी गर्दै रेडियो समग्रको आगामी दिनको प्रशारणमा सामाजिक रुपान्तरणको अभियानलाई अझ सशक्त बनाउने जनाउदै यतिञ्जेल सम्मको यात्रामा साथ र सहयोग गर्नु हुने सम्पूर्ण स्रोता महानु भाव, विज्ञापनदाता, कर्मचारी, विभिन्न स्थानीय तहका जनप्रतिनिधि, सहकार्यमा रहेका विभिन्न संघसंस्था, व्यवसायिक क्षेत्रका प्रतिनिधिहरु एवम् सम्पूर्ण शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता सहित अगामी दिनमा समेत निरन्तर साथ र सहयोग को अपेक्षा सहित सम्पूर्णमा हार्दिक अभार व्यक्त गरेको छ ।

## महिलालाई काटेर हत्या गर्ने चारजना सार्वजनिक, अंश नदिन मारेको खुलासा

झापा, ६ असोज । धारिलो हतियार (दाउ) ले काटेर एक भारतीय महिलालाई टुक्रा(टुक्रा पारी हत्या गरेको आरोपमा प्रहरीले एक भारतीय नागरिक सहित चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्ने भारत विहार राज्य किसनगञ्ज जिल्ला सिंघीमारी ग्राम पञ्चायत निवासी २३ वर्षीय ऐतवार सोरेन, झापा गाउँपालिका-१ निवासी ३७ वर्षीय लखन टुडु, सोही ठाउँका ५६ वर्षीय सिरी साइँला भन्ने सोमाई हेमरम र २७ वर्षीय श्री हेमरम रहेको जिल्ला प्रहरी कार्यालय झापाका एसपी सानुराम भट्टराईले जानकारी दिए।

पक्राउ परेका चारै जनालाई बुधबार प्रहरी कार्यालय झापामा पत्रकार सम्मेलन गरी सार्वजनिक गरेका हुन् । घटनामा संलग्न मृतकका देवर किशनगञ्ज जिल्ला सिंघीमारी ग्राम पञ्चायत बस्ने अन्दाजी ४५ वर्षीय मण्डल हेमरम फरार रहेका छन् ।

प्रहरीका अनुसार गत भदौ २५ दिउँसो साढे १२ बजे झापा गाउँपालिका १ स्थित सानो माई खोलामा नाम थर वतन नखुलेको एक महिलाको टाउको, घाँटी, पेट (कम्मरभन्दा माथिको भाग) तथा घुँडाभन्दा मुनिको भाग नभएको शव फेला परेको थियो ।

घटनाको प्रकृति हेर्दा हत्या गरी फालिएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएपछि महिलाको पहिचानका लागि प्रहरी टोली परिचालन गर्‍यो । शव भेटिएको ५ दिनपछि अर्थात् भदौ ३१ गते एक भारतीय महिलाको हत्या गरिएको कुरा प्रहरीसमक्ष जानकारी आयो ।

हत्या गरिएका महिला झापा गाउँपालिका-१ माइती घर भई हाल किशनगञ्ज जिल्ला सिंघीमारी ग्राम पञ्चायत बस्ने अन्दाजी ५५ वर्षीय डोली भन्ने धोन्नी टुडु भन्ने पहिचान खुलेको एसपी भट्टराईले बताए। प्रहरीले घटनाको अनुसन्धान गर्दै जाँदा हत्यामा संलग्न व्यक्तिको पहिचान गर्दै उनीहरूलाई पक्राउ गरिएको एसपी भट्टराईको भनाइ छ । मृतक डोलीको सन्तान नभएको र उनको श्रीमानको १५ दिनअघि मात्र मृत्यु भएको थियो ।

मृतक महिलाको सौता रहेकोले सौताले विभिन्न आरोप लगाई हेला गर्ने गरेको र बोक्सीको आरोप लगाउँदै आएको प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए ।

'मृतक र उनका देवरसँग जग्गा सम्बन्धी घरायसी विवाद थियो,' उनले भने, 'मृतक डोलीलाई अंशबन्डा नदिने योजना बनाएर हत्या गरिएको देखिन्छ ।' हत्या घटनामा मृतक महिलाकी सौताकी भाइ लखन, भान्जा ऐतवार र देवर मण्डल प्रत्यक्ष संलग्न देखिएको उनले बताए। यता पक्राउ परेका चारै जनालाई झापा जिल्ला अदालत बाट कर्तव्य ज्यान मुद्दामा ७ दिनको म्याद थप गरी अनु सन्धान गरिरहेको उनको भनाई छ ।

## धनुषामा शिक्षा एकाइका प्रमुखमाथि हातपात

धनुषा, ६ असोज । धनुषामा शिक्षा अधिकारीमाथि हातपात भएको छ । सरुवा विवादका कारण एक जना राहत शिक्षकका बुवाले शिक्षा विकास तथा समन्वय एकाइ धनुषाका प्रमुखमाथि हातपात गरेका हुन् । मंगलवार दिउसो धनुषाको शहीद नगरपालिका-१ स्थित मतौना राष्ट्रिय आधारभूत विद्यालयका शिक्षक माधव राय यादवका बुवा बेचन यादवले आफ्नो छोरासहितका शिक्षकलाई कानून विपरीत सरुवा गरिएको भन्दै शिक्षा एकाइका प्रमुख ईश्वरीप्रसाद ज्ञवालीमाथि हातपात गरेका थिए ।

प्रत्यक्षदर्शी एक कर्मचारीका अनुसार अवकाश प्राप्त शिक्षक समेत रहेका बेचन यादव छोराको सरुवा सम्बन्धी समस्या लिएर कार्यालयमा आएको थिए । तर प्रमुख ज्ञवालीले बेवास्ता गर्दै कार्यालयबाट निस्किन लागेपछि बचेन यादव हातपातमा उत्रिएका हुन् । तर प्रमुख ज्ञवालीले आफूलाई जिल्ला प्रशासन कार्यालयको बैठकमा पुग्न ढिलो भइरहेको कारण कार्यालयबाट निस्किन लाग्दा होहल्ला भएको बताए ।

उनले आफूमाथि हातपात

-बाँकी तीन पेजमा

rampukarmbs@gmail.com

प्रकाशक/सम्पादक : राम पुकार यादव
: ९८६२९६८९६५
: ९८०५९४१२९५

सह–सम्पादक : पंकज कुमार कर्ण
सल्लाहकार : गणेश कुमार यादव
कानुनी सल्लाहकार : गणेश ठाकुर
सम्वादता : नरेश कुमार बरबरिया
: इन्द्र कुमार मधेशानन्द,
: सरोज यादव
सहयोगी : रामदयाल यादव
ब्यावस्थापक : ममता यादव
न्युज डेस्क : सतेन्द्र यादव

कार्यालय : बिष्णुपुर गा.पा. १
मुद्रक : आयुषमान् अफसेट प्रेस लहान

Web site:
www.pradeshtimesdainik.com

## सम्पादकीय....

# कालोधनको पृष्ठपोषण

*संसद्मा पेस भएको अर्थसम्बन्धी विधेयकअनुसार सूचीकृत केही क्षेत्रमा २०८० सालसम्म लगानी गर्दा आयस्रोत नखोजिने भन्ने वाक्यांशले शंका उब्जाएको छ । औद्योगिक र आर्थिक विकासका लागि यस क्षेत्रमा लगानी गर्न चाहनेहरूलाई आकर्षित गर्न मात्र यो विधेयक आएको जस्तो लाग्दैन । निश्चित व्यक्ति, औद्योगिक घराना वा विशिष्ट व्यक्तित्वले सृजित आयलाई कानुनी बनाउन, यो विधेयक आएको हो । यसले गैर कानुनी ढंगले आयआर्जन गर्नेहरूलाई पृष्ठपोषण गर्नुका साथै, इमानदारहरूलाई हतोत्साहित गर्नेछ । यस्तो कानुन पारित भए, सम्पत्ति शुद्धीकरण गर्ने अन्तर्राष्ट्रिय निकायले नेपाललाई कालो सूचीमा राख्न सक्ने खतरा पनि त्यत्तिकै छ ।*

*त्यसकारण यस्तो त्रुटिपूर्ण विधेयक तत्कालै सच्याउनु जरुरी छ । हाल प्रचलित झमेलायुक्त प्रक्रियागत कानुनले साख कमाएका कैयौं अन्तर्राष्ट्रिय कम्पनीहरू नेपालमा लगानी गर्न पछाडि सरको रेकर्ड उद्योग मन्त्रालयमै छन् । नेपालमा औद्योगिक र आर्थिक विकासका लागि, लगानीकर्तालाई केन्द्रमा राखे रसरल र छोटो प्रक्रिया लागू गर्नु आवश्यक छ । यसो भएमा देशभित्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्पनीहरूका साथै नेपाली नागरिकबाट पनि भरपूर लगानीको पर्याप्त सम्भावना छ ।*

# पर्सामा सशस्त्रका सात बोर्डर आउट पोष्ट भवन

पर्सा, ६ असोज । पर्सा जिल्ला अन्तर्गत नेपाल-भारतसँग सिमाना जोडिएका जिल्लाका सात स्थान मा सशस्त्र प्रहरीका बोर्डर आउट पोष्ट (बिओपी) भवन निर्माण गरिएका छन् । सङ्घीय सरकारको लगानीमा प्रतिबोर्डर आउट पोष्ट करिब रु एक करोडको लागतमा भवन निमार्ण सम्पन्न गरिएको सशस्त्र प्रहरी बल नेपाल नं १३ हेडक्वार्टर प्रमुख एवं सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काले जानकारी दिए ।

भवन निर्माण भएका स्थान पर्साको आसबारी, ठोरी, ब्रह्म नगर, सुवर्णपुर, भिस्वा, पका हामैनपुर र अमरपट्टि बोर्डर आउट पोष्ट रहेका छन् । उक्त स्थानमा बोर्डर आउट पोष्टका भवन निमार्णपछि सीमा क्षेत्रमा हुने चोरी, तस्करी, अवैध व्यापार नियन्त्रण तथा सीमा सुरक्षामा थप सजिलो हुने अपेक्षा गरिएको सशस्त्र प्रहरी उपरीक्षक खड्काले जानकारी दिए ।

यसअगावै उक्त स्थानमा बोर्डर आउट पोष्टका आफ्नै भवन नहुँदा पुराना र जिर्ण अवस्थामा रहेका सरकारी तथा सार्वजनिक भवनमा गुजारा चलाइँदै आएको थियो । जिल्लामा कूल १८ बिओपीमध्ये अझै पनि १० बिओपी अन्यको भवनमा सञ्चालनमा छन् ।

# नेपालको संविधान : आशाको बिम्ब तर धमिल्याइँदै कार्यान्वयन !

**गोपीनाथ मैनाली**

अपार उत्साहसाथ जनता नै सम्प्रभु भएर जारी संविधानले नेपालीहरूको सुदूर भविष्य बोकेको छ । यो नेपाली मात्रको आन्तरिक सहभाव र स्थीर भविष्यका गतिशील मार्गचित्र हो, जसको चाहना नेपाली जनताले साठी वर्ष अघिदेखि गर्दै आएका थिए र २०७२ आश्विन ३ मा मात्र पूरा भयो ।

नेपाली जनताले नै लेखेको नेपालको संविधानमा तीन मौलिक विशेषता राखेको छ । पहिलो, सङ्घीय गणतान्त्रिक लोकतन्त्र, दोस्रो, राज्यको पुनसंरचना र तेस्रो, सामाजिक समावेशिता ।

एकात्मक शासन प्रक्रियालाई परिवर्तन गरी शासकीय तहहरूलाई संवैधानिक रूपमा नै अधिकार, जिम्मेवारी र साधन स्रोतको अभ्यास गर्ने, तहहरू बीच नियन्त्रण र सन्तुलन गर्ने, आधारभूत विषयमा साझा स्वीकार्य ता साथ तहगत सह कार्य गर्ने नेपाली मौलिकताको सङ्घीयता संविधानले स्थापना गरेको छ । यो अभ्यासमा रहेको द्वय, त्रयीभन्दा पनि सहशासनको संघीयता हो ।

साथै यो अनुभव र आवशयकताभन्दा पनि नेपालीहरूको अपेक्षाको शासन पद्धति हो । शासकीय संरचनाहरू धेरै भएपछि सरकार घर आगनमा आइपुग्छ र लोकतन्त्रको वितरण वितरण सहज हुन्छ भन्ने भावना यसका पृष्ठभूमिमा छन् । सबैखाले समस्याको एकमुष्ट समाधान यसले दिन्छ भन्ने बुझाइ पनि यसका पछि रहेका छन् ।

राज्य पुनसंरचना राजकीय शक्तिको मात्र पुनसंरचना होइन, न राजनीतिक संस्थाहरूको मात्र पुनसंरचना हो । राज्य पुनसंरचनाअन्तर्गत राज्य संरचना भित्र र बाहिरका पात्रहरूको सम्भावना र क्षमताको स्वाधीन उपयोग गरी आर्थिक समृद्धि र सामाजिक रूपान्तरण गर्दै राष्ट्रिय विकास मजबुत बनाउने अभिष्ट संविधानले राखेको छ ।

यसर्थ पुनःसंरचनाको अर्थ राजनैतिक शक्ति-संरचनाको विकेन्द्रीकरणमात्र होइन । समग्र सामाजिक, राजनैतिक, आर्थिक कार्य प्रक्रियाको पुनसंरचना हो । मौजुदा निर्णय प्रक्रिया, आर्थिक( उत्पादन प्रक्रिया र सामाजिक मूल्य संस्कृतिको पुनसंरचना हो । अझ स्थानीय तहदेखि नै आर्थिक संरचनाको निर्माण/प्रबलीकरण पुनःसंरचनाको सबैभन्दा महत्वपूर्ण छ, किनकी यसलै विकास र समृद्धिलाई आधार दिन्छ ।

सामाजिक समावेशिता यस्ता राष्टि असभष्ट हो जसले समाजमा रहेका सबै मानिसलाई आफू त्यस समुदायको मूल्यावान सदस्य हुँ भन्ने गर्ववोध गर्नसक्छ । अवसर, शक्ति र स्रोत अभ्यासमा सबै नागरिकहरू समान रूपमा क्रियाशील भएर/गराएर नै समाजिक समावेशिता प्राप्त गर्न सकिन्छ ।

समाजमा शदिऔंदेखि रहँदै आएका मूल्य मानकहरू परिवर्तन गरी शासकीय, आर्थिक, सामाजिक र सांस्कृतिक लाभहरू समन्यायिक उपयोग गर्ने वातावरण उपलब्ध गराएर नै सामाजिक समावेशिताको अर्थवत्ता पूरा हुनसक्छ । संविधानले समाजको बिम्ब, जहाँ समाजका सबैको जेजस्तो रूपराग छ, त्यसको मिनिएचर राज्यका सबै स्थान, प्रक्रिया र अवसरमा देखियोस् भन्ने अभिष्ट राखेको छ ।

संविधानका मौलिकतालाई सहकारिता, समन्वय र सह अस्तित्वका सिद्धान्तमा अभ्यास गर्ने आधारभूत सोचका कारण नै नेपालको संविधान विशिष्ट, मौलिक र नेपालीहरूको सुदूर भविष्यको बिम्ब भनिएको हो । जुन बिम्बमा राज्यका तहहरू मात्र होइन, समाजका सबै अंग प्रत्यंग अवसर र सम्भावनाको अभ्यासमार्फत आफनो भविष्य रच्न सक्छन् ।

त्यसैले नेपालको संविधान आन्तरिक सहभाव र सुरक्षित भविष्यको गतिशील चित्र हो । यो तत्कालीन शक्ति सन्तुलनको सम्झौता मात्र होइन, सुदूर भविष्य सम्मको समृद्धिको साझा संकल्प हो । यसलाई कानूनी वा राजनैतिक दस्तावेज मात्र सोचिनुहुँदैन, नेपालीहरूको सपना सुरक्षित र गतिशील बनाई नेपाली गर्वबोध गर्ने उत्साहको अभिव्यक्तिका रूपमा लिनुपर्छ ।

संविधान जारी गर्दाका क्षण नेपालीहरूमा देखिएको उत्साहलाई भविष्यपर्यन्त कायम गरेर नै संविधानका अभिष्ट पूरा गर्न सकिन्छ । संविधान कार्यान्वयन गरेर नै जनताका भावनाहरूलाई गतिशील रूपमा पूरा गर्न सकिन्छ । राज्यका संरचना र विशेषतः राज्य सञ्चालनको मियोका रूपमा रहने राजनीतिक दलहरूको निष्ठायुक्त सक्रियतामा नै संविधान कार्यान्वयन हुने गर्दछ ।

समाजका अन्य पक्ष पनि संविधान कार्यान्वयन गर्नमा क्रियाशील हुन्छन्, तर राजनैतिक स्रोत परिचालन जति सक्रिय, संस्कारयुक्त र असल भयो, त्यसैको सापेक्षमा संविधानको कार्यान्वयन हुन्छ । राजनैतिक स्रोत परिचालन भनेका असल संस्कृति, स्वस्थ प्रतिस्पर्धा र सहनशीलतासाथ राज्य निर्माणको प्रक्रिया हो, जुन निरन्तर सतत रहन्छ । यो स्वयं जवाफदेहिता र आत्मिक निष्ठाको प्रक्रिया पनि हो ।

संविधानका अक्षरहरू त्यसै कार्यान्वयन (गतिशील) हुँदैनन्, राज्यका अंगहरूले त्यसमा जीवन भर्ने हो । असल राज्य प्रक्रिया, निष्ठा र नैतिकवान पात्रहरू भएमा संविधानका अक्षरहरू ओजिलो हुने गर्दछन् । इमान्दार र सक्षम पात्रहरू भएमा संविधानका प्रावधानहरू सामान्य भए पनि गहकिला परिणाम दिन सक्छन्, विपरीतमा उत्कृष्ट प्रावधानहरू पनि बेअर्थी बन्ने गर्दछन् ।

पात्रहरूको शक्तिअन्धता र महत्त्वाकांक्षा हुँदा संविधान डिरेल हुने इतिहासले सम्पुष्टि गरेको छ । त्यसैले संविधानलाई उत्कृष्ट बनाउने, संविधानका प्रावधानलाई चिल्याउने भनेको राज्य संयन्त्रका पात्रहरू, विशेषतः राजनीतिज्ञको निष्ठा र नियतमा भर पर्दछ । सुन्दर गणतन्त्र स्थापना गरेपनि नेपोलियन बोनापार्टको उग्र महत्त्वाकांक्षाले फ्रान्सको गणतन्त्रलाई पुनः रक्तपाततर्फ नै पुऱ्यायो ।

वोल्सेभिक क्रान्तिपछि लोकतन्त्रको रुसी उत्साहलाई भ्लादिमिर इल्यिच लेनिनको महत्त्वाकांक्षाले 'साम्यवादी गणतन्त्र सामान्यभन्दा उच्चस्तरको प्रजातन्त्र हो' भन्दै लामो समय सोभियत सङ्घ निरंकुशताको अँध्यारो ओडारमा फस्यो र शीतयुद्धकालीन विश्वका कतिपय मुलुकको लोकतन्त्रलाई चिथोरिरह्यो । पाकिस्तान लगायत कलिला लोकतन्त्रले त्यही हविगत भोग्नुपयो ।

समाकालीन विश्वमा पनि निर्वाचित निरंकुश पात्रहरूले दक्षिणपन्थलाई अवलम्बन गरी लोकतन्त्रलाई आमजनताको वस्तु (जीवनशैली) बन्न रोकिरहेका छन् । कतिपय उत्कृष्ट संविधानहरू आफैँले जन्माएका पात्रहरूबाटै आफ्नो उपहास अनि अतिक्रमण सहिरहेका छन् ।

संविधानको सम्मान यसका पात्रहरू, राज्य संरचनाका नेतृत्व कर्ता र शक्ति अभ्यासकर्ताले गर्ने हो । संविधान सुरक्षित भएमा संस्था र पात्रहरू झनै सम्मानित हुन्छन् । असल राजनेता संविधानको सम्मान गरेर आफैँ सम्मानित हुन्छन् । राज्यकौशल प्रदर्शन गर्ने नेताहरूकै कारण अमेरिका 'संयुक्त राज्य अमेरिका' बनेको हो, थोमस जेफर्सन, बेञ्जामिन फ्रेन्कलिन, जेम्स मेडिसन, जर्ज वासिङ्टनलगायतका नेताहरूको राज्यकौशलका कारण त्यो 'संयुक्त भावना' आजपर्यन्त छ र सुदूर भविष्यसम्म विश्व राज गर्ने शक्ति आर्जन गरिरहेको छ । नेल्सन मण्डेला राज्य कौशलका कारण विश्वकै लोकतान्त्रिक स्टाटस सिम्बोल बने ।

उनलाई रुघा लाग्दा अफ्रिका पूरै रुने अवस्थामा पुग्यो । घानालीहरू कोफी अन्नान आफ्नो मुलुकले जन्माएका गर्व गरिरहेका छन् । संविधानका यस्ता रक्षकहरू नागरिकलाई गर्वबोधमा पुऱ्याउँछन् र राष्ट्रिय भावनाको उन्नयन गर्दछन् । अर्को अर्थमा लोकतन्त्रलाई जीवनशैली बनाउन सक्नुमा नै संविधानको सफलता रहन्छ ।

आधुनिक समाजले लोकतन्त्रको समग्र अर्थ खोज्छ, न कि बोल्ने, संगठित हुने स्वतन्त्रता मात्र । समग्र लोकतन्त्रमा लोकतन्त्र कार्यमूलक हुन्छ, मानिसहरू आफ्नो क्षमता र सम्भावनाहरू स्वतन्त्र रूपमा उपयोग गरी भविष्यको निर्माण गर्दछन् । शिक्षा, स्वाथ्यजस्ता आधारभूत सेवा र आय, रोजगारीजस्ता सामर्थ्य अवसरहरूबाट सज्जित हुन्छ ।

समृद्धिले समर्थन गरेन भने कोरा लोकतन्त्रले केही गर्न सक्दैन र विवेकले बोल्नुपर्ने मानिस पेटले बोल्ने गर्छ । त्यसैले जननायक बीपी कोइरालाले प्रजातान्त्रिक समाजवाद भने, एन्ड्र्यू याङहरू युविआई (सार्वभौम आधारभूत आय) मा जोड दिइरहेका छन् । यस्तो विचार नराख्ने राजनीतिकर्मी एक्काइसौं शताब्दीको गत ावधिक हुन् ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान कार्यान्वयनमा पाको भैसकेको छैन । संविधानका भावनाहरूको निष्ठा, नैतिकता र लोकतान्त्रिक मूल्य अनुरूप कार्यान्वयन भएर नै संविधानले परिस्कृत रूप पाउँछ । स्रोत साधन र शक्तिको असल अभ्यासले संघीय गणतन्त्रलाई परिस्कृत बनाउँदै लान्छ । संघीयता हाम्रो आवश्यकता हो होइन, तर अपेक्षाको पुञ्ज पक्कै हो ।

त्यसलाई कार्यान्वयन गर्ने असल संस्कारले हो, असल राजनीतिक परिपाटीले हो । राजनैतिक व्यवस्थापन र प्राविधिक रूपमा मात्र संघीयतालाई लिइनुहुँदैन । असल शुरूआतले नै संघीयताका संरचनाहरू मजबुत हुन्छन् ।

संविधान र संघीयता कार्यान्वन का शुरूआती दिनदेखि देखिँदै आएका राजनीतिक गतिविधि हरूले राम्रो संकेत गरिरहेको छैन । संविधानका आशयविपरीत विकास र समृद्धिलाई बाटो छेक्दै आएको छ । अहमता, हठ र अकर्मण्यता बढ्दै जाँदा संविधान रूपी सुन्दर बिम्ब धमिलिँदै गएको छ । संविधान दिवसको उपलक्ष्यमा त्यो सुन्दर बिम्बलाई उजिल्याउने संकल्प गर्नु सबै सचेत नागरिकको कर्तव्य हो । ***लोकान्तरबाट साभार***

## बरियारपट्टी गाउँपालिका
# गाउँ कार्य पालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना ।

*(प्रकाशित मिति : २०७८/०६/०६गते)*

यस बरियारपट्टी गाउँपालिका मिति २०७८/०५/१३ गते मिथला रत्न दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्का नं. को सुचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्रही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | छनौट भएको फर्म | ठेगाना | कबोल अङ्क रु. (मु.अ.क. सहित) |
|---|---|---|---|---|
| १. | BRM/05/2078/079 | श्री एल. बी.एस. जेनरल स्टोर्स एण्ड सप्लायर्स | बरियारपट्टीगा.पा. ४ | ७५१९२२।३४/– |
| २. | BRM/06/2078/079 | बालकी कन्स्ट्रक्सन सर्भिस बिष्णुपुरप्रा.ली. | थलहा कटहा–९ | ९६८१७९।३१/– |
| ३. | BRM/07/2078/079 | दिप ज्योती निर्माण सेवा | बरियारपट्टीगा.पा.–१ | ७५९३६१/– |
| ४. | BRM/09/2078/079 | बालकी कन्स्ट्रक्सन सर्भिस बिष्णुपुर प्रा.ली. | थलहा कटहा–९ | ८०३५०६।०४/– |
| ५. | BRM/12/2078/079 | न्यु बाबा कन्स्ट्रक्सन | लहान न.पा.–६ | ९९०३३७।६९/– |
| ६. | BRM/13/2078/079 | बालकी कन्स्ट्रक्सन सर्भिस बिष्णुपुर प्रा.ली. | थलहा कटहा–९ | १०१६८६४।९८/– |
| ७. | BRM/14/2078/079 | बालकी कन्स्ट्रक्सन सर्भिस बिष्णुपुर प्रा.ली. | थलहा कटहा–९ | ७४४३०४।०६/– |

नि.प्रमुख प्रशासकीय अधिकृत
बरियारपट्टी गाउँपालिका, सिरहा

# डा. भक्तमान श्रेष्ठका अपहरण कारी ११ वर्षपछि पक्राउ

काठमाडौं, ६ असोज । चितवन स्थित बिपी कोइराला क्यान्सर अस्पतालका तत्कालीन निर्देशक डा. भक्तमान श्रेष्ठको अपहरण मा संलग्न एक जनालाई प्रहरीले ११ वर्षपछि पक्राउ गरेको छ ।

नुवाकोट बिदुर नगरपालिका( १२ मुलाबारीका ४५ वर्षीय राजेन्द्र पण्डितलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले मंगलबार नुवाकोटबाट पक्राउ गरेको प्रवक्ता श्याम कुमार महतोले जानकारी दिए । पण्डित अपहरणका मुख्य योजनाकार भीमसेन पण्डितका ठूलो बुवाको छोरा हुन् ।

यस्तो थियो घटना : ४ जेठ २०६७ मा बिपी कोइराला क्यान्सर अस्पतालका तत्कालीन निर्देशक डा. श्रेष्ठ भरतपुरको हाकिमचोकबाट अपहरणमा परे ।१२-१५ जनाको समूहमा आएका अपहरणकारीले भक्तमानलाई अपहरण गरी धादिङ पुऱ्याए । भक्तमानले प्रयोग गरेको कार भने पोखरा लगेर बेवारिस अवस्थामा छाडियो । अपहरणकारी समूहले भक्तमानको परिवारसँग भोलिपल्ट फिरौती रकम माग गऱ्यो । धेरै रकमबाट सुरु भएको फिरौती रकम अन्त्यमा १ करोड १० लाख रुपैयाँमा कुरा मिल्यो ।

पहरणकारीले नगद नभएर सुन लिने योजना बनाए । अनि तत्कालीन समयमा ३ किलो ६ सय ग्राम सुन लिएर अपहरणकारीले भक्तमानलाई छाडिदिए । भक्तमानको परिवारलाई अपहरणकारीको समूहले उनी सकुशल चाहिने भए फिरौती रकम दिन धम्की दिएको थियो ।

उक्त सूचना प्रहरीसम्म पुगेपछि ज्यान नै पहिलो प्राथमिकतामा रहेको भन्दै एकजना प्रहरी नायब निरीक्षक (सई) सहित भक्तमानको आफन्तले अपहरणकारी समूहका सदस्य रोहित पालिवाललाई ३ किलो ६ सय ग्राम सुन फिरौतीका रूपमा दिएका थिए ।

भारतको कानपुर पुगेर भक्तमानका आफन्त र प्रहरीका सईले अपहरणकारी समूहलाई सुन लिने व्यक्ति रोहित पालिवाल अग्रवाल रहेको पहिचान गरेको थियो । अपहरणपछि कहिले धादिङ, कहिले नुवाकोट र कहिले काठमाडौंको सामाखुसीसम्म ल्याएर भक्तमानलाई राखिएको थियो ।

फिरौती बराबरको सुन पाएपछि मात्रै अपहरणकारी समूहले भक्तमानलाई रिहा गरेका थिए । ब्यूरोका अनुसार अपहरणका मुख्य योजनाकार भीमसेनका राजेन्द्र सवारी चालक हुन् । उनी भीमसेनको सहयोगीका रूपमा खटिएको प्रहरीले जनाएको छ । भक्तमानको अपहरण प्रकरणमा कार चलाउने व्यक्ति तिनै राजेन्द्र थिए र फिरौतीबापतको रकमको केही हिस्सा उनले पनि पाएका थिए ।

प्रहरीले उक्त अपहरण र फिरौती प्रकरणमा सुन लिने रोहित पालिवाल सहितका व्यक्तिहरूलाई पक्राउ गरी जिल्ला अदालत चितवनमा मुद्दा चलाएको थियो । अपहरणमा संलग्न व्यक्तिहरू पक्राउ पर्न थालेपछि राजेन्द्र भीमसेनसँगै भागेर भारतको विभिन्न स्थानमा पुगेको प्रहरीले जनाएको छ ।

नेपालबाट भागेर भारत पुगेका राजेन्द्रले भारतको हिमाञ्चल प्रदेशमा पर्ने कुल्लुमनाली, काँगडा आदि क्षेत्रमा बन्दै गरेको हाइड्रो कम्पनीको सडक कटिङको काम गरेका थिए । ती क्षेत्रहरूमा भीमसेनकै बुवा हेमबहादुर पण्डितले ठेक्का लिएको र सोही स्थानमा राजेन्द्रले सुपरभाइजरको रूपमा काम गरेका थिए । २०६७ सालदेखि नै राजेन्द्र भागेर भारत पुगी ७ वर्षसम्म हिमाञ्चलका विभिन्न स्थानमा काम गरी बसेको ब्यूरोले जनाएको छ ।

प्रहरीले उनलाई हिमाञ्चलबाटै पक्राउ गर्ने योजना बनाउँदा त्यहाँबाट पनि भागेका थिए । हिमाञ्चालबाट भागेका पण्डित त्यसपछि नेपाल आएर लमजुङमा रहेको एक हाइड्रो कम्पनीमा लेबर इञ्चार्जको रूपमा काम गरेको पाइएको छ ।

दशैंको मुखमै पण्डित गाउँमा आएको प्रहरीले सूचना पाएपछि उनलाई पक्राउ गरेको हो । चितवन जिल्ला अदालतले प्रमाण नपुगेको भन्दै राजेन्द्रसहितका केहीलाई सफाइ दिएको थियो । सरकारी वकिलले उच्च अदालत पाटनको हेटौंडा इजलास मा पुनरावेदन गरेको थियो ।

पुनरावेदन अदालतले २१ माघ २०७० मा राजेन्द्र पण्डितलाई पनि दोषी ठहर गर्दै ९ वर्ष कैद र ५० हजार जरिवानाको फैसला सुनाएको थियो । भीमसेन भने युरोप पुगेको प्रहरीको अनुमान छ । राजेन्द्रलाई भने ब्यूरोले आज फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालत पेस गरेको छ ।

# रूपामाथि जातीय विभेद घटना : घरबेटी प्रधानलाई १ लाख १५ हजार धरौटी तिर्न आदेश

काठमाडौं, ६ असोज । संचारकर्मी रूपा सुनारमाथि जातीय विभेदको मुद्दामा काठमाडौं जिल्ला अदालतले घरबेटीलाई एकलाख १५ हजार धरौटी तिर्न आदेश दिएको छ ।

जिल्ला न्यायाधीश नारायण प्रसाद सुवेदीको इजलासले बबरमहल बस्ने घरबेटी सरस्वती प्रधानलाई एक लाख १५ हजार रूपैयाँ धरौटी तिर्न बुधबार आदेश दिएको हो । जिल्ला अदालतका स्रेस्तेदार ज्ञानेन्द्र इटेनीले बुधबार भएको थुनछेक बहसमा उक्त आदेश भएको जानकारी दिए । प्रधान धरौटी तिरेर छुटेको बताए ।

सरकारी वकिल कार्यालय काठमाडौंले रूपा सुनारको मुद्दा केही दिनअघि नै काठमाडौं जिल्ला अदालतमा दायर गरेको थियो । तर बुधबार मात्रै घरबेटी सरस्वती प्रधान अदालतमा हाजिर भएपछि थुनछेक बहस गरी धरौटी तिर्न आदेश दिएको हो ।

गत असार १ मा कोठा हेर्न गएकी सुनारले आफू कामीकी छोरी भएको बताएपछि प्रधानले कोठा दिन अस्वीकार गरेको आरोप लागेको थियो । आफूमाथि जातीय विभेद भएको भन्दै रूपाले प्रधानविरूद्ध महानगरीय प्रहरी वृत्त सिंहदरबारमा जाहेरी दिएकी थिइन् ।

प्रहरीले घरबेटी प्रधानलाई पक्राउ गरेर अनुसन्धान गरी सरकारी वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन पेस गरेको थियो । तर सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्नू भन्दै प्रतिवेदन फिर्ता पठाएको थियो ।

उनी हिरासतमुक्त भएकी थिइन् । हिरासतबाट छुट्दा उनलाई तत्कालीन शिक्षा मन्त्री कृष्णगोपाल श्रेष्ठ लिन प्रहरी कार्यालय पुगेका थिए । सरकारका मन्त्री नै जातीय छुवाछुत मुद्दाका अभियुक्तलाई लिन गएको भन्दै सुनारले उनीविरूद्ध पनि मुद्दा दायर गरेकी थिइन् ।

## *कर्मचारी र...*

लेखापढिका सवैकाम गरेका राजकुमार महतो लेखापढि व्यसायी समेत हुन् । उनले नै जमिन पास गराउँदा आवश्यक पर्ने सम्पूर्ण कागजातहरु तयार पारेका थिए । संयुक्त रुपमा पास भएको जमिनको पुर्जामा उनकी श्रीमती अनिता कुमारी सिंहको फोटो र नाम पनि छ । उनैले जानी जानी मलाई फसाएको अध्यक्ष यादवले भने ।

जमिन २०७६ चैत्र ३ गते मसनी देवी भुजलेको नाममा बाट दुर्गादेवि भुझलेल, अनिता कुमारी महतो, सविता कुमारी सिंह, ज्ञानकी कुमारी सिंह, सोमनी कुमारी, अनिता कुमारी सिंह, फूलमतिया महतो, गुलाव कुमारी देवी र रितादेवी लहेरीको नाममा संयुक्त रुपमा पास भएको छ ।

## *धनुषामा शिक्षा...*

नभएको दाबी समेत गरे । माधवको बुवा बेचन यादवले कानून विपरित गरिएको सरुवा बदर र बक्यौता तलबको माग गर्न समन्वय एकाइ समितिमा जाँदा घटना भएको बताए । आफ्नो गुनासो लिएर जिल्ला प्रशासन कार्यालय, नगरपालिका र समन्वय एकाइमा कयौं पटक निवेदन दर्ता गराएपनि हालसम्म पहल नहुँदा अप्रिय घटना उत्पन्न भएको उनको भनाइ छ ।

शहीद नगरपालिका शिक्षा एकाइ समितिले सो विद्यालयमा कार्यरत माधव यादवलाई सोही वडाको कुम्भकर्णस्थित विद्यालय मा र भरतप्रसाद यादवलाई बेमर खीमा सरुवा गरी काभ्रे पलाञ्चोकबाट रन्धीर कुमार यादव र डडेलधुराबाट वकिल राय यादवलाई ल्याउँदा विवाद भएको हो ।

# भेडियामा इलाका प्रहरी कार्यालय भवनको उद्घाटन

सप्तरी, ६ असोज । दुई नम्बर प्रदेशका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले इलाका प्रहरी कार्यालय भवनको उद्घाटन गरेका छन् । मन्त्री साहले सप्तरीको भेडियामा नवनिर्मित इलाका प्रहरी कार्यालय भवनको उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री साहले प्रदेशको सुरक्षाको जिम्मेवारी सरकारको रहेको बताए । साहले भने( 'प्रहरीको सुरक्षित आवासको जिम्मेवारी प्रदेश सरकारले लिन्छ । प्रहरी प्रशासनको व्यवस्थित कार्यालय र आवासको जिम्मेवारीप्रति हामी गम्भिर छौँ ।'

कार्यक्रममा आन्तरिक मामिला तथा सञ्चार राज्य मन्त्री रुवी कर्ण, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्रप्रसाद धमला, २ नम्बर प्रदेश कार्यालय टिएसटी प्रमुख प्रहरी निरीक्षक चिरञ्जिवी प्रसाद महतो लगायतले सम्बोधन गरेका थिए ।

# लोभी–पापीको हयीको लडाइँले मन्त्रिपरिषद्ले पूर्णता पाएन : ओली

बर्दिया, ६ असोज । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अहिलेसम्म मन्त्रिपरिषद्ले पूर्णता नपाएको भन्दै सरकारको आलोचना गरेका छन् । ओलीले ७२ दिनदेखि मन्त्रिमण्डलले पूर्णता नपाउनुमा लोभी पापीहरूको हयीको लागि लडाइँ रहेको बताएका हुन् । यो सरकार जनताको हितमा नभएको उनको दाबी छ ।

एमाले जिल्ला कमिटी बर्दिया द्वारा आयोजित अगुवा कार्यकर्ता भेलालाई बुधबार गुलरियामा सम्बोधन गर्दै अध्यक्ष ओलीले यस्तो बताएका हुन् ।

अर्को सन्दर्भमा बोल्दै उनले पार्टी नफुटेको तर दुई चारजना कार्यकर्ता मात्रै पार्टीबाट बाहिरिएको बताए । उनले भने, 'केही कुहिएका पातहरु झरेर गए । पार्टी फुटेको होइन, अदालतले फैसला गऱ्यो भने यिनीहरूको पार्टीले मान्यता पाउनै सक्दैन । माधवकुमार नेपालको साथमा दुई चारजना कार्यकर्ता मात्रै छन् ।'

अर्को प्रसंगमा बोल्दै ओलीले माओवादी केन्द्रले गएको निर्वाचनमा ५ वटा सिट ल्याउने अवस्था नहुँदा पनि आफूहरुले ३६ सिट जिताइदिएको बताए । उनले भने, 'जुन हातमा दूध र भात दियौं, त्यहीं हातले प्रचण्डले टोकिदिए ।

# ओलीले एमालेलाई दक्षिणपन्थी भासतर्फ धकेले : खनाल

इलाम, ६ असोज । नेकपा एकी कृत समाजवादीका वरिष्ठ नेता एवम पूर्व-प्रधानमन्त्री झल नाथ खनालले नवौँ महाधिवेशनपछि एमालेलाई केपी ओली नेतृत्वले दक्षिणपन्थी भासतर्फ धकेलेको बताएका छन्।

उनले साहना प्रधानलगायत को योगदानबाट बनेको पार्टी लाई केपी ओलीले क्रान्तिकारी कार्यदिशालाई परित्याग गरेर दक्षिणपन्थी र गुटवादको दिशातर्फ धकेलेको आरोप लगाए। सहाना प्रधानको सातौँ स्मृति दिवसको अवसरमा भर्चुअल सम्बोधन गर्दै खनालले एमालेलाई व्यक्तिवादतर्फ धकेल्दा पार्टीको विकासक्रम सबै क्षेत्रमा रोकिएको बताए ।

शीर्ष नेता र कार्यकर्ताहरूमा पदलोलुलुपता र भ्रष्टचारको भावना फैलिँदै गएपछि एमालेको चरित्र बदलिन थालेको खनालले बताए। उनले पार्टी रूपान्तरण र पुनर्निर्माणका लागि प्रयत्न चलाए पनि ओलीको गुट हावी हुँदा सम्भव नभएकाले विद्रोह गरिएको उल्लेख गरे ।

‘ कतिपयले हाम्रो विद्रोहलाई विभाजन र विनासको रूपमा चित्रित गरेका छन् तर हामीले गरेको विद्रोह अग्र गति र पुनर्निर्माणका साथै अग्रदिशामा बढाउने ऐतिहासिक कदम हो’ खनालले भने, ‘ नेकपा एकीकृत समाजवादी नेकपाको सच्चा उत्तराधिकारी पार्टी हो र नेकपा एमालेको पनि सच्चा उत्तराधिकारी’ खनालले नेपाली कम्युनिष्ट आन्दोलनका घटकहरू रूपान्तरण हुँदै जानुपर्ने बताउँदै बलियो पार्टी निर्माणमा दृढता पूर्वक लाग्न आग्रह गरे ।

‘हामीले शक्तिशाली पार्टी निर्माण गरेर देशको कम्युनिष्ट आन्दोलन अघि बढाउँदै कमरेड सहानाप्रति श्रद्धाञ्जली व्यक्त गर्न सक्छौँ’ उनले भने, ‘०६२-६३ को जनक्रान्तिपछि नयाँ परिस्थिति मा प्रवेश गरेका छौँ। जनवादी क्रान्ति पछि समाजवादी क्रान्ति को नयाँ युगमा प्रवेश गरेका छौ यसको ठिक ढंगले विश्लेषण गर्नुपर्छ ।’

अहिलेको समाज अर्ध उपनिवेश र सामन्ती समाज नभएको उल्लेख गर्दै खनालले पुँजीवादी समाज भएको बताए । उनले पुँजीवादी समाजवादमा रुपान्तरण गर्न मार्क्सवाद, लेनिनवादलाई अनुशरण गर्दै त्यसको आधारमा विश्लेषण गरेर समाजवादी लक्ष्यतर्फ अघि बढ्नुपर्ने उल्लेख गरे। खनालले लक्ष्य प्राप्ति गर्न नीति, सिद्धान्त, कार्यशैली र ढाँचा बनाउनुपर्ने भएकाले अहिले त्यसैमा काम गरिरहेको उल्लेख गरे ।

‘ स्वाभाविक रुपमा नयाँ पार्टी निर्माण नयाँ चिन्तन, कार्यदिशा र पहलका साथ अघि बढे मात्र कम्युनिष्ट आन्दोलन बलियो जगमा स्थापित हुन्छ’ खनालले भने सहाना प्रधानलाई स्मरण गर्दै खनालले देशको कम्युनिष्ट लोकतान्त्रिक र महिला मुक्ति आन्दोलनमा शीर्ष नेता रहेको उल्लेख गरे। खनालले निरंकुश जहानीयाँ राणा शासनकालबाट संघर्षशील अगुवाको रुपमा अघि बढेकी साहना ००७ सालपछि राजतन्त्रको षड्यन्त्रविरुद्ध मात्र नभई ०१७ सालपछिको ३० बर्ष पञ्चायती शासनकालमा समेत प्राज्ञिक र राजनीतिक रुपमा संघर्ष गरेको स्मरण गरे। उनले २०४६ सालको जनआन्दोलन मा बाममोर्चाको नेतृत्व गरेकी सहानाले त्यसपछि नयाँ संविधान र निर्वाचनको लागि महत्वपुर्ण भूमिका खेलको स्मरण गरे ।

# भन्सार तिरेको सामान नियन्त्रणमा लिएपछि व्यापारीको प्रतिकार

झापा, ६ असोज । राजस्व अनुसन्धान कार्यालय इटहरीको टोलीले भद्रपुर भन्सार कार्यालयबाट राजस्व तिरेको सामान



नियन्त्रणमा लिएपछि व्यापारी र कारोबारीले प्रतिकार गरेका छन् ।

मंगलबार अंशु इन्टरप्राइजेज बिर्तामोडको फर्ममा भद्रपुरका कपडा व्यापारी रञ्जित रायाले दुई पोका कपडा राजस्व तिरेर भ्यानमा लैजाँदै थिए । भन्सारदेखि ५० मिटर दूरीमा प्रहरी चेकपोष्टमा इन्ट्री गराए लगत्तै राजस्व अनुसन्धान कार्यालय का अनुसन्धान अधिकृत रमेश ओझाको नेतृत्वको टोलीले भ्यान नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएका कपडा अनुसन्धान अधिकृत ओझाले इटहरी लैजान लागेपछि व्यापारी र कारोबारीले राजस्व तिरेको सामान लैजान नदिने भन्दै अडान लिँदै सडकमै घेरा हाले । ओझाले माथिको आदेश भन्दै आफ्नो अडान छाडेनन् । दुवै पक्षले अडान नछाडेपछि घटना स्थल केही बेर तनावपूर्ण बन्यो । भीडभाड बढ्यो । त्यसपछि घटनास्थलमा झापा उद्योग वाणिज्य संघका प्रतिनिधि, वडा प्रहरी कार्यालय भद्रपुरको टोली पुग्यो । त्यसपछि अनुसन्धान अधिकृत ओझाले राजस्व अनुसन्धान कार्यालय इटहरीका प्रमुख अनुसन्धान दीपक खड्कालाई सम्पर्क गरेर घटनास्थलबारे जानकारी गराए। घटनास्थलको अवस्था बुझेपछि प्रमुख अनुसन्धान अधिकृत खड्काले नियन्त्रणमा लिएका सामान प्रहरी कार्यालय झापामा लगेर छानबिन गर्न आदेश दिए ।

तर, व्यापारी र कारोबारीले त्यस आदेशमाथि असहमति जनाउँदै वडा प्रहरी कार्यालय भद्रपुरमा लगेर छानबिन गर्न अनुसन्धान अधिकृत ओझालाई आग्रह गरे। ओझाले पुनः प्रमुख अनुसन्धान अधिकृत खड्कालाई त्यसबारे जानकारी गराउँदै सामान वडा प्रहरी कार्यालय लैजानेमा सहमत भए ।

वडा प्रहरी कार्यालयमा सामानको परिणाम गणना भयो । गणना गर्दा पोकामा २५२ पिस रेडिमेट सर्ट र कटराइजको ज्याकेट ८० पिस भेटियो । व्यापारी रायाले भन्सारमा २५० पिस रेडिमेट सर्टको ३२ हजार ८३९ रुपैयाँ र ९० पिस ज्याकेट को ३३ हजार ३२ रुपैयाँ राजस्व तिरेको प्रज्ञापन पत्रमा उल्लेख छ। भन्सारले व्यापारी रायालाई एक हजार ४२ रुपैयाँ (आइडी) प्यान्लटी रकम पनि तिर्न लगाएका थिए । उनले जम्मा दुई पोकाको ६६ हजार ३२ रुपैयाँ भन्सारलाई राजस्व बुझाए को प्रज्ञापन पत्रमा देखिन्छ ।

सामानको परिणाम प्रज्ञापन पत्र अनुसार नै सही भए पनि अनुसन्धान अधिकृत ओझाले माथिको आदेश भन्दै आजै सामान छाडन नमिल्ने भन्दै पुनः आफ्नो अडान लिए। ‘आज रात परिसकेकोले सामान वडा प्रहरीलाई जिम्मा लगाएर हामी जान्छौं, सामानको भिसिटिएस नमिलेको र मूल्यांकन रकम पनि छानबिन गर्नुपर्ने हुन्छ’ उनले भने, ‘व्यापारी राया वा उनको फर्मका सञ्चालक अंशु अग्रवाललाई राजस्व अनुसन्धान कार्यालय इटहरीमा बुधवार उपस्थिति हुनुपर्छ ।’

अनुसन्धान अधिकृत ओझाको कुरा सुनेपछि झापा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज पनेरु, भद्रपुर-५ नम्बर वडा अध्यक्ष बन्धु कार्की, व्यापारी र कारोबारीहरूले पुनः त्यसको प्रतिकार गरे। करिब ती घण्टा सम्म वडा प्रहरी कार्यालयभित्र त्यही विषयमा विवाद भयो ।

व्यापारी नेता, जनप्रतिनिधि आक्रोशित बनेपछि अनन्त अनुसन्धान अधिकृत ओझाले राति साढे ८ बजे वडा प्रहरी कार्यालयका इन्स्पेक्टर दलकुमार राईलाई सामान जिम्मा लगाई गएका थिए ।




# दमकबाट चार लाखसहित १७ जना जुवाडे पक्राउ

झापा, ६ असोज । दमक नगरपालिका-१ बाट इलाका प्रहरी कार्यालय दमकको टोलीले झापा प्रहरीले ४ लाख २७ हजार ६ सय रुपैयाँ १७ जनालाई जुवा खेलिरहेका बेला नियन्त्रणमा लिएको छ ।

मंगलवार राति साढे ११ बजे हिमाल देवानको भान्सा कोठामा जुवा खेलिरहेका उनीहरुलाई नियन्त्रणमा लिएको रहेको प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए।

जुवा खालबाट भद्रपुर नगरपालिका-७ का ५१ वर्षीय युवराज न्यौपाने, भद्रपुर-९ का ४९ वर्षीय दिलबहादुर राई, भद्रपुर-१० का ५० वर्षीय ठाकुरप्रसाद निरौला, बिर्तामोड नगरपालिका-१ का ४२ वर्षीय तीर्थ अधिकारी, गौरादह नगरपालिका-५ का ४५ वर्षीय हरि कोइराला, कमल गाउँपालिका-४ का ४७ वर्षीय सुबिन्द्र सुब्बा, कनकाई नगरपालिका-३ का ३२ वर्षीय मोहन बराल, सोही ठाउँका ३२ वर्षीय सुनिल साह, मोरङको ग्रामथान-४ का ५७ वर्षीय लक्ष्मीप्रसाद अधिकारी, ग्रामथान-५ का ४२ वर्षीय नैनकुमार चौधरी र ग्रामथान( ६ का ४४ वर्षीय रुपेश तामाङलाई नियन्त्रणमा लिएको ` बताए। नियन्त्रणमा लिएका १७ जनालाई इलाका प्रहरी कार्यालय दमकमा राखेर थप अनुसन्धान भइरहेको डिएसपी थापाले बताए ।

